आदरणीय सदस्यज्यूहरु,
आइकम नेपाल ।

मितिः २०८२/१०/०५

यही मिति २०८२/१०/१६ गते शुक्रबारका दिन दिउसो १२ बजे अनामनगर स्थित किम्ची रेष्टुरेण्टमा बस्ने आइकम नेपालको नवौं वार्षिक साधारण सभा तथा संचालक एवं पदाधिकारी निर्वाचन हुने जानकारी गराउँदै संचालक एवं पदाधिकारी निर्वाचन सम्बन्धी निर्देशिका, २०८० बमोजिम निम्न व्यवस्था रहेको व्यहोरा सूचीत गरिन्छ ।

१. आइकम नेपालको प्रबन्धपत्र र नियमावली बमोजिम साधारण सभाको वन्द सत्र र निर्वाचन कार्यक्रममा आइकम नेपालको सदस्य वा प्रनिनिधि (प्रोक्सी) ले मात्र भाग लिन पाउने छ ।

२. सदस्यहरुले आफ्नो प्रतिनिधि (प्रोक्सी) तोक्दा आइकम नेपालको साधारण सदस्य बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि तोक्न मिल्दैन तर संस्थागत सदस्यले दिने २ जना प्रतिनिधिको हकमा आईकम नेपालको सदस्य हुन अनिवार्य छैन । प्रोक्सीको फारम निर्वाचन हुनुभन्दा २ (दुई) दिन अगावै icomnepalelection@gmail.com मा दर्ता भै सकेको हुनु पर्नेछ ।

३. उमेदवार हुन इच्छुक सदस्यले रु.१०,०००/- (दश हजार) आइकम नेपालको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि. को नयाँसडक शाखा काठमाडौंमा रहेको ००७०२०५०२५०२१४ खातामा जम्मा गरी सोको भौचर प्रति, आफू संलग्न रहेको संग्रहालय वा संग्रहालयसँग सम्बन्धित संस्थाको उम्मेदवार हुन सहमति दिएको पत्र (पत्रको नमुना यसैसाथ संलग्न छ) र प्रस्तावक तथा समर्थकले समेत हस्ताक्षर गरेको निवेदन साथै राखी आईकम नेपाल, निर्वाचन समितिको आधिकारिक इमेल ( icomnepalelection@gmail.com ) मा २०८२/१०/१० गते ४ बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । उमेदवारी दर्ता गर्ने दिन शनिवार परेको हुँदा सबै तयारी अघिल्ले दिनमा पुरा गरेमा व्यवहारिक सहजता हुने छ ।

४. निर्वाचनको दिन आफै स्वयं उपस्थित हुन नसक्ने उमेदवारले वारेस राख्न सक्नेछ ।

५. निर्वाचन सम्बन्धी नियमहरु आइकम नेपालको संचालक एवं पदाधिकारी निर्वाचन सम्बन्धी निर्देशिका २०८०, निर्वाचन सम्बन्धी अनुसूचीहरु र अन्य आवश्यक कागजातहरु सदस्यज्यूहरुको इमेल ठेगानामा पत्राचार भै सकेको छ । यो सम्बन्धी सबै जानकारी आइकम नेपालको वेभसाइट (www.icomnepal.org.np) भित्र रहेको निर्वाचन ( election menu) मा क्लिक गरी हेर्न सकिनेछ ।

६. निर्वाचन सम्बन्धी कार्यतालिका, अनुसूची फर्महरु यसै सूचना साथ संलग्न रहेको छ, राम्रोसँग अध्ययन गर्नुहुन अनुरोध छ । कुनै अस्पष्टता वा दुवधिा भएमा निर्वाचन अधिकृत अधिवक्ता सुदिप पण्डित वा आइकम नेपालका संचालक समितिका पदाधिकारी वा सदस्यलाई सम्पर्क गर्न सकिने छ ।

भवदीय

ICOM International council of museums नेपाल

रमेश प्रसाद दवाडी
अध्यक्ष